# सूचना !  सूचना !!  सूचना !!!

नेपाल प्रहरीमा **जनपद** समूह तर्फ **प्रहरी सहायक निरीक्षक** तथा **प्राविधिक** समूह अन्तर्गत विभिन्न **उपसमूह** तर्फ **प्राविधिक प्रहरी जवान** पदहरूको विस्तृत स्वास्थ्य परीक्षणमा उत्तीर्ण भएका उम्मेदवारहरूको कोभिड-१९ संक्रमणको कारण स्थगित रहेको **लिखित परीक्षा लोक सेवा आयोगद्वारा निम्न तालिका बमोजिम सञ्चालन** हुने व्यहोरा सम्बन्धित सम्पूर्ण उम्मेदवारहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

साथै **लिखित परीक्षाको परीक्षा केन्द्र सम्बन्धी सूचना** लोक सेवा आयोगबाट प्राप्त भए पश्चात नेपाल प्रहरीको वेभसाईट *www.nepalpolice.gov.np* मा पछि प्रकाशन गरिने व्यहोरा समेत जानकारीको लागि सूचित गरिन्छ ।

**निम्नः-**

लोक सेवा आयोग
## सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा
### परीक्षा संचालन शाखा

## प्रहरी सहायक निरीक्षक र प्रहरी जवान (प्राविधिक) पदको परीक्षा कार्यक्रम निर्धारण गरिएको सम्बन्धी सूचना

| निकायः | श्री नेपाल प्रहरी | विज्ञापन प्रकाशित मितिः | २०७८/०६/२२ | लि.प. कार्यक्रम प्रकाशित मितिः | २०७८/१०/२१ |
|---|---|---|---|---|---|

**कोभिड - १९ संक्रमणका कारण स्थगित रहेको नेपाल प्रहरी**को पूर्व प्रकाशित विज्ञापन अनुसार प्रहरी सहायक निरीक्षक (जनपद) तथा प्रहरी जवान (प्राविधिक) तर्फका विभिन्न पदको खुला तथा समावेशी तर्फको प्रतियोगितात्मक **लिखित परीक्षा कार्यक्रम** देहाय बमोजिम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । कोभिड-१९ संक्रमण भएका उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्र रहने हुँदा परीक्षा शुरु हुनु भन्दा कम्तीमा ३ (तीन) घण्टा अगावै नेपाल प्रहरीमा अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | परीक्षा मिति र समय | | | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | | | |
| | | | | सामान्य ज्ञान तथा बौद्धिक परीक्षण | अंग्रेजी तथा नेपाली भाषा | पेशागत सैद्धान्तिक ज्ञान | पेशागत व्यवहारिक परीक्षण | | |
| १ | ३४ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी सहायक निरीक्षक (जनपद) | २०७८ फागुन ७ गते २:०० बजे (५० मिनेट) | २०७८ फागुन ८ गते २:०० बजे (२ घण्टा ३० मिनेट) | २०७८ फागुन ९ गते २:०० बजे (२ घण्टा १५ मिनेट) | २०७८ फागुन ९ गते ४:२५ बजे (४५ मिनेट) | १०६९० | लोक सेवा आयोगको परीक्षा सञ्चालन गर्ने कार्यालयले तोके बमोजिम हुनेछ । |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | लिखित परीक्षा मिति र समय | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | | |
| १ | ३९ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, विधि विज्ञान | २०७८ फागुन ११ गते विहानको ८:०० बजे (२ घण्टा) | - | ९१ | परीक्षा सञ्चालन गर्ने आयोगको कार्यालयले तोके बमोजिम हुनेछ । |
| २ | ३७ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), सवारी महाशाखा, इञ्जिनियरिङ | २०७८ फागुन ११ गते दिनको २:०० बजे (२ घण्टा) (संयुक्त पत्र) | - | ३१० | |
| ३ | ३८ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), केनाईन महाशाखा, केनाईन (डग हेण्डलर) | | - | २६८ | |
| ४ | ३५ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), सूचना प्रविधि निर्देशनालय, इञ्जिनियरिङ | २०७८ फागुन १२ गते विहान ८:०० बजे (२ घण्टा) | - | ३१५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ३६ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), भौतिक पूर्वाधार निर्देशनालय, इञ्जिनियरिङ | २०७८ फागुन १२ गते दिनको २:०० बजे (१ घण्टा ३० मिनेट) | २०७८ फागुन १२ गते दिनको ४:०० बजे (३० मिनेट) | ११७ | परीक्षा सञ्चालन गर्ने आयोगको कार्यालयले तोके बमोजिम हुनेछ । |
| ६ | ४० (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), नेपाल प्रहरी संगीत विद्यालय, संगीत | २०७८ फागुन १३ गते दिनको २:०० बजे (२ घण्टा) | - | १०५९ | |
| ७ | ४१ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), संञ्चार निर्देशनालय, इञ्जिनियरिङ | २०७८ फागुन १४ गते दिनको २:०० बजे (२ घण्टा) | - | २५०७ | |

## प्रहरी सहायक निरीक्षक र प्राविधिक प्रहरी जवान पदको लिखित परीक्षा सञ्चालन गर्ने आयोगका कार्यालयहरु

| क्र.सं. | दरखास्त फाराम बुझाएको क्षेत्र | परीक्षा संचालन गर्ने कार्यालय | परीक्षार्थी संख्या (प्रहरी सहायक निरीक्षक) | परीक्षार्थी संख्या (प्राविधिक प्रहरी जवान) |
|---|---|---|---|---|
| १ | १ नं. प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगर, मोरङ, फोन नं. ९८५२०९०१८० | धनकुटा कार्यालय | **८००** | **१५५** |
| २ | २ नं. प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर, हाल सम्पर्क कार्यालय : राजविराज, सप्तरी ), फोन नं. ९८५४०९०६०० | जलेश्वर कार्यालय | **७१७** | **४०८** |
| ३ | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, दुधौली, सिन्धुली, फोन नं. ९८५४०४१७८९ | हेटौडा कार्यालय | **३१६** | **२५०** |
| ४ | महानगरीय प्रहरी शिक्षालय, महाराजगंज, काठमाडौं, सम्पर्क नं. ९८५१२३३५१२<br>महानगरीय प्रहरी परिसर (काठमाडौं, भक्तपुर, ललितपुर), | काठमाडौं कार्यालय | **४००२** | **६८०** |
| ५ | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, पोखरा, कास्की, ९८५६०६८१२१ | पोखरा कार्यालय | **१०५६** | **३७६** |
| ६ | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, बुटबल, रुपन्देही, ९८५७०९०४४४ | बुटवल कार्यालय | **१८३५** | **१०८८** |
| ७ | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल नेपालगंज, बाँके), ९८५८०९०११५ | सुर्खेत कार्यालय | **१२९१** | **१०७६** |
| ८ | सुदूर पश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, दिपायल, डोटी, ९८५८४९००८४ | दिपायल कार्यालय | **६७३** | **६३४** |

**द्रष्टव्यः**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।
२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारवालाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।
३. परीक्षा भवनमा **मोबाइल फोन निषेध** गरिएको छ ।
४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।
५. वस्तुगत वहुउत्तर प्रश्नको गलत उत्तरको **२०% अङ्क** कट्टा हुनेछ ।
६. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter) मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।
७. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो **नागरिकता** वा **नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।
८. नेपाल सरकारबाट जारी भएका स्वास्थ्य सुरक्षा सम्बन्धी निर्णयहरु तथा आयोगबाट जारी हुने **संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित)** को पालना गरी परीक्षा सञ्चालन हुनेछ ।
९. कोभिड - १९ संक्रमित उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने भएकोले त्यस्ता उम्मेदवारहरुले आफू संक्रमित भएको जानकारी नेपाल प्रहरीमा अग्रिम रुपमा गराउनु पर्नेछ ।

**कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले **अनिवार्य रुपमा** मास्क लगाई आफ्नो प्रयोजनको लागि **स्यानिटाइजर र खानेपानी** समेत लिई आउनु पर्नेछ।
२. परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा **१ घण्टा अगावै** परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ ।
३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन **२ (दुई) मिटरको दूरी कायम गरी** क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।
४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।
५. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।

| प्रहरी सहायक निरीक्षक पदको तृतीय पत्रको पेशागत व्यावहारिक परीक्षण सम्बन्धी विषयको परीक्षा देहाय बमोजिम सञ्चालन हुनेछ । | |
|---|---|
| १ | **पेशागत अभिवृत्ति परीक्षण (२ घण्टा १५ मिनेट) को परीक्षा समाप्ति पश्चात उक्त खण्ड क को उत्तर पुस्तिका बुझाई परीक्षार्थीहरु यथास्थानमै रहनु पर्नेछ । सोही वखतमा खण्ड ख को प्रश्नपत्र सहितको उत्तरपुस्तिका वितरण हुनेछ र उक्त खण्डको नाम नामेसी विवरण भर्न र सोही उत्तरपुस्तिकाको बाहिर रहेको निर्देशन अध्ययन गर्न १० मिनेटको समय रहनेछ ।** |
| २ | **खण्ड क को परीक्षा समाप्त भएपश्चात दिईएको १० मिनेट भित्र निर्देशन पढ्ने र विवरण भर्ने कार्य गर्नु पर्नेछ र परीक्षा शुरु गर्ने संकेत घण्टी नलागेसम्म उक्त बाहिरी पेज बाहेक अन्य पाना हेर्न, पल्टाउन वा अध्ययन गर्न पाईने छैन ।** |
| ३ | **परीक्षार्थी वा परीक्षा संचालन गर्ने कर्मचारी कसैले प्रश्नपत्र/उत्तरपुस्तिकालाई लैजान, नक्कल गर्न वा फोटो खिन्ने लगायतका कार्य गर्न गराउन पाइने छैन ।** |
| ४ | **प्रहरी सहायक निरीक्षक पदको लागि Situational Travel Time, Incident Report writing र Simulation or Work sample विषयको परीक्षण गरिने छ । यसको लागि परीक्षार्थीहरुलाई प्रश्नको समाधान गर्न प्रत्येक प्रश्नको लागि निर्दिष्ट पाना उपलब्ध हुनेछ । दिइएको स्थान अपुग भएमा सो पानाको पछाडी रहेको खाली भाग समेत उपयोग गर्न सकिने छ।** |
| ५ | **उत्तर पुस्तिकामा उल्लेख गरिएको स्थानमा बाहेक उम्मेदवारले आफ्नो पहिचान खुलाउने कुनै प्रकारको चिन्ह वा संकेत लेख्न पाउने छैन, उल्लेख गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ ।** |
| ६ | **परीक्षा समयमा उपलब्ध गराईएको उत्तर पुस्तिका, प्रश्नपत्र, निर्देशन लगायत अन्य सबै सामाग्री अनिवार्य रुपमा फिर्ता बुझाउनु पर्नेछ ।** |

राजु सत्याल
शाखा अधिकृत

नारायणप्रसाद ज्ञवाली
उप सचिव